स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनिल बुढा मगर निर्देशित फिल्म 'घरज्वाइँ'को दोस्रो गीत 'यानीमाया' सार्वजनिक भएको छ । गीतमा दयाहाङ राई र मिरुना मगर फिचर्ड छन् । गीतमा हर्क साउदको शब्द, मनोज थापा मगरको संगीत र स्वर छ । यही गीतको रिदममा ब्याग्राउण्ड म्युजिक तयार गरिएको निर्देशकले केही दिनअघि आयोजित ट्रेलरमा बताएका थिए । दृश्यभाषा र पात्रको हिँडाइ र बोलाइ समेत यही गीतको थिममा तयार पारिएको जनाइएको छ ।

**आजको विचार...**



असारे...
(दुई पेजमा)

दुर्गा प्रसमद अर्याल

गायन कलाले बाल्यकालमै कमला घिमिरेलाई ठूलो ख्याती दिलायो । पछि अध्ययनले गर्दा केही वर्ष गायनबाट टाढा देखिएकी उनी अहिले हर्लक्क बढेकी छन् । र, फेरि गायनमा सक्रिय देखिएकी छन् । यतिबेला लाइभ दोहोरीका कारण चर्चामा रहेकी उनी अब फिल्ममा पनि देखिने भएकी छन् । उनले फिल्म 'माइली'बाट डेब्यु गर्न लागेकी हुन् । यसै साताले उनले फिल्म साइन गरेकी हुन् । संगीतमा जस्तै फिल्ममा पनि आफूले दर्शकबाट माया पाउने कमलाको विश्वास छ । राजु परियार, कृष्ण कँडेल, मिलन लामा जस्ता चर्चित गायकहरुसँग उनले लाइभ दोहोरी गाइसकेकी छन् ।



वर्ष २९ | अंक ३३९ | २०८१ असार २४ गते सोमबार | 8 July 2024, Monday | पृष्ठ संख्या ४ | मूल्य रू ५/-

## विपद् व्यवस्थापनमा चुकेको सरकार

# बाढीपहिरोले दुई दिनमै गयो १५ जनाको ज्यान

रामचन्द्र रायमाझी

**पाल्पा,** असार २३/पहाडमा पहिरो र तराईमा डुबान वर्षैपिच्छेका समस्या हुन् । हरेक वर्ष बाढीको पिरलो त देशभरिकै समस्या हो । बाढीपहिरो र डुबानका कारण नेपालमा बर्सेनि सयौंको ज्यान जाने र करोडौंको भौतिक सम्पत्ति क्षति हुने गरेको छ । यस वर्ष पनि मनसुन प्रारम्भमै ठूलो जनधनको क्षति हुन पुगेको छ । शनिबार र आइतबार मात्रै देशका विभिन्न स्थानमा बाढीपहिरोका कारण १५ जनाले अकालमै ज्यान गुमाउनु परेको केन्द्रीय प्रहरीको तथ्याङमा उल्लेख छ ।

नेपाल प्रहरी केन्द्रीय कार्यालयका अनुसार लुम्बिनी, गण्डकी, कोसी, बागमती प्रदेशमा २ दिनमा बाढीपहिरोबाट १५ जनाले ज्यान गुमाएका छन् । सबै भन्दा बढी गण्डकी प्रदेशमा पहिरोका कारण ८ जनाले ज्यान गुमाए । यस्तै लुम्बिनीमा ३, बाग्मतीमा २, कोशी र काठमाडौं उपत्यकामा १/१ जनाको मृत्यु भएको छ । यो आइतबार साँझसम्मको तथ्याङ्क हो । बाढी पहिरोमा परी ३ जना बेपत्ता छन् भने २१ जना घाइते भएको प्रहरीले जनाएको छ । वर्षायाम सुरु भएदेखि देशभर बाढीपहिरो लगायत मनसुनजन्य घटनामा परी ६७ जनाको मृत्यु भइसकेको छ ।





प्रहरी तथ्यांकअनुसार यस अवधिमा बाढीपहिरोमा परी मृत्यु हुनेमा २८ पुरुष, २२ महिला र १७ बालबालिका रहेका छन् । बाढीपहिरोका कारण देशभरका सडक र राजमार्गहरू पनि अवरुद्ध भएका छन् । प्रहरीको तथ्यांकअनुसार केही सडक पूर्ण रूपमा र केही आंशिक रूपमा अवरुद्ध भएका छन् ।

**विपद् व्यवस्थापनमा चुकेको सरकार**

देशका अधिकांस जिल्लामा पहिरोले वितण्डा मच्चाएको छ । तर क्षति बेहोरेपछि मात्रै व्यवस्थापनमा जुट्ने सरकारी प्रवृत्तिका कारण नेपालमा बाढीपहिरोबाट हुने जनधनको क्षति ठूलो छ । बर्सेनि भइरहने प्राकृतिक विपत्तिबारे थाहा हुँदाहुँदै पनि सधैं चुक्ने सरकारले पीडितको घाउमा मलमसमेत लगाउन सकेको छैन् ।

भइसकेपछि त्यसको समाधान गर्नुभन्दा पहिले नै पूर्वतयारी गर्नु सरकारको मुख्य दायित्व रहे पनि त्यसमा सरकार चुकेको छ । विपद् व्यवस्थापनमा सरकारले निर्देशन दिने बाहेक अरु केही पनि गर्न सकेको छैन । यस वर्ष मनसुन भित्रिएको एक महिनापछि सरकारले निर्देशन दिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढी पहिरोपीडित नागरिकको उद्धार र राहतमा सक्रिय हुन राज्यका सबै निकायलाई निर्देशन दिएका छन् ।

यस अघि उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले समेत आफ्ना मातहतका निकायलाई विपद्मा जुट्न निर्देशन दिइसकेका छन् । तर वर्षेनि आउने निर्देशनबाट सम्बन्धित निकाय पनि अपरिचित छैनन् । उनीहरुले निर्देशनमा सहमति जनाए पनि विपद् व्यवस्थापनमा गम्भीर भएर काम गर्न सकेका छैनन् । जसका कारण आम नागरिकले अकालमै ज्यान गुमाउनु परेको छ । बाढीपहिरोको मौसम सुरु भएपछि मात्रै त्यसको व्यवस्थापनबारे सोच्ने सरकारले आपत्को दीर्घकालीन उपाय र योजना अवलम्बन गर्न सकेको छैन । यसअघि २०७४ मा बाढीपहिरोजन्य जोखिम कम गर्न भन्दै सरकारले नयाँ रणनीति तयार पारेको थियो । जसमा सन् २०३० सम्म बाढीपहिरोको जोखिम पूर्ण कम गर्ने उल्लेख छ । रणनीति तयार भएको यतिका वर्ष बित्दा समेत त्यसको कार्यान्वयन भने झिनो छ ।

## संक्षिप्त समाचार

### गोली लागेर आठ जनाको मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली,** असार २३ /भारत प्रशासित काश्मिरमा भएको गोली हानाहानको दुईवटा छुट्टै घटनामा दुई जना सैनिक र छ जना सन्दिग्ध आतङ्कवादी मारिएको प्रहरीले आइतबार जनाएको छ ।

काश्मिरका प्रहरी महानिरीक्षक विधि कुमार बिर्दीले विवादित क्षेत्रका अधिकारीहरूले कुलगाम जिल्लाका गाउँहरूमा 'दुई छुट्टाछुट्टै सुरक्षा कारबाही' गरिएको बताए । बिर्दीले सुरक्षा बलका दुई सदस्य मारिएका र मोडेरग्राम र फ्रिसल चिन्निगाम गाउँहरूमा झडप जारी रहेको बताए ।

'हामीले मोडेरग्रामबाट दुई आतङ्ककारी र फ्रिसल चिन्निगामबाट अन्य चार आतङ्ककारीको शव बरामद गरेका छौं,' बिर्दीले भने । विवादित क्षेत्रमा आक्रमणको यो पछिल्लो घटना हो । भारत र पाकिस्तान दुवैले मुस्लिम बहुल कश्मिरलाई पूर्ण रूपमा आफ्नो क्षेत्र दावी गर्छन् र यसको नियन्त्रणका लागि तीन वटा युद्ध लडेका छन् । विद्रोही समूहले यस क्षेत्रको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि विद्रोह गर्दै आएका छन् । द्वन्द्वले दशौं हजार नागरिक, सैनिक र विद्रोहीहरूको ज्यान लिएको छ ।

## वर्षाका कारण लुम्बिनीका २ सय ३१ घर डुवानमा



**पाल्पा,** असार २३/अविरल वर्षाका कारण लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका २ सय ३१ घर डुवानमा परेका छन् । विहीबारदेखि परेको निरन्तर वर्षाका कारण पाल्पा, दाङ, बाँकेका विभिन्न स्थानमा २ सय ३१ घर डुवानमा परेका हुन् ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङले शनिबारदेखि आइतबार दिउँसोसम्म संकलन गरेको विवरण अनुसार दाङको लमही नगरपालिका-८ धमपुरुवा, बग्रपुर, गिधिनिया, पचकपुरका १ सय ७० घर डुबानमा परेका छन् । यस्तै बाँकेको राप्तीसोनारी गाउँपालिका -१ कुसुम र १३ जोङपुरमा ६० घर डुवानमा परेका छन् भने पाल्पाको १ घर डुवानमा परेको लुम्बिनी प्रदेश प्रहरीले जनाएको छ ।

## पाल्पामा विद्युत् सेवा अवरुद्ध हुँदा सेवाग्राही मर्कामा

**पाल्पा,** असार २३/पाल्पामा विहीबारदेखि परेको अविरल वर्षाका कारण विद्युत् पोलमा क्षति भई विद्युत् सेवा अवरुद्ध हुँदा सेवाग्राही मर्कामा परेका छन् । जिल्लाको तिनाउ गाउँपालिकास्थित बसन्तपुरदेखि बुटवलतर्फ जाने जंगलमा विद्युतका पोलहरु ढलेपछि शुक्रबाररातिदेखि विद्युत् सेवा अवरुद्ध हुँदा सरकारी कार्यालय, बैंक तथा वित्तिय संस्था र अन्य निजी संघसंस्थाहरुको नियमित काम ठप्प हुँदा सेवाग्राहीले सास्ती खेप्नु परेको हो ।

बसन्तलपुरको जंगलमा पोल ठलेकाले केही समय विद्युत अवरुद्ध हुन पुगेको विद्युत् प्राधिकरण पाल्पा वितरण केन्द्रले जनाएको छ । बुटवलदेखि पाल्पा आउने ३३ केभिएचटि लाइन अन्तर्गत बुटवल-बसन्तपुर सेक्सनमा लाइनको टावर भाचिएको र केही स्थानमा पोलहरु ठलेका थिए । मर्मतपछि शनिबार साँझ मात्र पाल्पामा लाइन आएको हो । आइतबार दिनभरी लाइन नहुँदा कार्यालयको कामकागज ठप्प हुनुको साथै सेवाग्राहीहरुले सास्ती खेप्नु परेको थियो । विद्युत् सेवा अवरुद्ध हुँदा





जिल्लामा ठूला उद्योगधन्दा नभए पनि रेडियो, पत्रपत्रिकालगायत सञ्चारमाध्यम, कम्प्युटर इन्स्टिच्युट, व्यवसायी समेत समस्यामा परेका थिए । लामो समयदेखि विद्युत् अवरुद्ध हुँदा स्थानीय उपभोक्ता समेत आक्रोशित भएका थिए । तानसेनका राजेश श्रेष्ठले चौबीस घण्टादेखि विद्युत् अवरुद्ध हुँदा अनेकन समस्या भोग्नुपरेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विपत्‌बाट बचौं, बचाऔं

केही दिन यताको अविरल वर्षासँगै देशका विभिन्न ठाउँमा बाढीपहिरोका कारण जनधनको क्षति हुनुको साथै जनजीवन समेत प्रभावित बनेको छ । वर्षाले पहाडमा पहिरो र तराईमा बाढीका कारण व्यापक मानवीय र भौतिक क्षति पुऱ्याएको छ । निरन्तरको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परी १४ जनाको मृत्यु हुनुका सयौं घरहरु जोखिममा परेका छन् । बिहीबारदेखिको झरीले लुम्बिनी प्रदेशसहित काठमाडौं, गण्डकीका विभिन्न जिल्लामा भएको बाढीपहिरोले जनधनको व्यापक क्षति भएको छ । विभिन्न जिल्लामा पहिरो र डुबानले दर्जनौं परिवार विस्थापित भएका छन् । लुम्बिनी, गण्डकी, कर्णाली, बाग्मती प्रदेशका अधिकांश सडक अवरुद्ध हुँदा यात्रु र सवारीसाधन अलपत्र छन् ।

खराब मौसमका कारण हवाई उडान र बाढीपहिरोका कारण सडक अवरुद्ध भएका खबर छिनछिनमै सुन्नुपरेको छ । खोला, नदीहरुमा बहाव बढ्दो छ । समग्रमा बाढीपहिरोको वितण्डाले अहिले पुरै देश आहत बनेको छ । बाढी र पहिरो हाम्रा नयाँ चुनौती होइनन् । वर्षौंदेखि हामी यस्ता विपद्सँग जुध्दै आइरहेकौ छौं । तर पछिल्लो दशकमा यी विपद्का रौद्र रुपले हामीलाई अकल्पनीय रूपमा पिरोल्न थालेको छ । कारण, यी विपत्‌लाई बुझ्ने र यसविरुद्ध प्रतिकार्य गर्ने हाम्रा पुराना अनुभव र ज्ञान मात्रले अब काम नगर्ने भएको छ । आफ्ना पुर्खाबाट पनि नसुनेका र जीवनकालमा पनि कहिल्यै नभोगेका संकट भोग्न अहिलेको पुस्ता विवश बनिरहेको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक हेर्ने हो भने नेपालमा हरेक वर्ष तीन हजारभन्दा बढी विपत्का घटना हुन्छन् । पहिलोमा आगलागी, दोस्रोमा बाढी र तेस्रोमा पहिरो पर्छन् । विपत्‌बाट सबैभन्दा बढी गरिब, विपन्न र दलित वर्ग नै प्रभावित हुने गरेका छन् । यस्ता विपत् र शोकलाई शक्तिमा बदली, आहतलाई राहत र भोलिको हुनसक्ने यस्तै विपत्तिलाई ध्यान दिंदै प्राकृतिक प्रकोपलाई हामीले वैज्ञानिक र व्यवहारिक किसिमले नियन्त्रण गर्नुपर्छ । भनिन्छ, यदि मानव सचेत र सतर्क छ वा पूर्व तयारीमा छ भने प्राकृतिक प्रकोपले हानि गर्दैन । तसर्थ विपत्‌बाट हुने क्षतिबाट बच्न र बचाउन सबैले आ-आफ्नो ठाउँबाट सचेत र सतर्कता अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

आफुले चाहेको सबै कुरा पुरा हुने भए,
सपना भन्दा जिन्दगी सुन्दर हुन्थ्यो होला ।
*(कृष्ण सुनारको फेसबुक स्टाटसबाट www.facebook.com//sunar.krishna)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# असारे विकास ! कहिले होला निकास ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

समय छँदा खर्च हुन नसकेका विनियोजित विकासे बजेट सिध्याउने अभियान यसपालि पनि दोहोरियो । झमझम वर्षे झरीमा सडक पिच गर्नेदेखि ढल खन्नेसम्मका 'विकासे बिजोग' दृश्यहरू यस पटक पनि यत्रतत्र देखिए ।

असारको महिना, किसानहरु खेतबारीमा कुटोकोदालो गर्दै मानो छरेर मुरी उब्जाउने काममा व्यस्त छन् । झमझम झरी परिरहेको छ । असार सकिन अब धेरै दिन बाँकी छैन । यता सरकारी निकायहरुलाई किसानलाई भन्दा बढी रन्को छ । जथाभावी बजेट सकाउने र सबै पैसा खर्च भएको देखाउने चटारोमा विकासे अड्डादेखि साना ठूला सबै निकाय लागिपरेका छन्। आयोजना/योजनामा उपयोग नभएको रकम फ्रिज हुने वा फिर्ता गर्नेभन्दा जथाभावी खर्च गर्ने प्रवृत्ति बर्सेनि असारमा दोहोरिने गर्छ । यस पटक पनि त्यही परिदृश्य दोहोरिएको हो ।

देशको संविधान परिवर्तन भयो, ऐन नियमहरु परिवर्तन भए यति मात्र कहाँ हो र ? देशको साशन व्यवस्था र संरचना नै परिवर्तन भयो । विकासका बाधक मानिएका सवै कुरा परिवर्तन भए तर परिवर्तन भएन विकास गर्ने कार्य शैली । परिवर्तन भएन असार महिनामै बजेट सक्ने कार्यशैली । परिवर्तन होस् पनि कसरी यहि महिना हो धमिलो पानीमा माछा मार्न सिपालु नेता, कर्मचारी र ठेकदार मिलेर करोडौ रकम दुरुपयोग गर्ने । हुन पनि जब पऱ्यो राती तब बुढी ताती भनेझैं जब असार महिनाको सुरुवात हुन थाल्दछ तब नेपालमा नेपाली जनताले विकासका गतिविधि देख्न थाल्दछन् । लाग्छ नेपालमा विकासको गति अत्यन्त तीव्र रुपमा भइरहेको छ । कतै बाटो पिच हुँदै छ त कतै भएको पिच उप्काएर ढल खनिदै छ, कतै पिचमाथि पिच थपिँदै छ । हिलाम्मे सडकमा कतै ग्राभेल गर्ने काम हुँदैछ । रातदिन नभनी चौबीसै घन्टा काम भइरहेको छ । यस आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा छुट्टाइएको बजेटबाट दिनकै अरबौं रुपैयाँ खर्च भइरहेको छ । न कुनै योजना छ, न कुनै समन्वय छ, न कुनै अनुगमन र निरीक्षण छ । जसरी हुन्छ राज्यको बजेट भ्याउने नाममा सरकारी निकायलाई भ्याइनभ्याई छ । असार महिनामा देखिन्छ केहि पक्षहरुको आर्थिक अवस्थामा परिवर्तन तर देखिदैन् विकास र जनताको दैनिकीमा परिवर्तन । असार महिना बर्षातको महिना ,आर्थिक वर्षको अन्तिम महिना विकासका लागि अप्ठयारो महिना तर कर्मचारी ठेकेदारका लागि सजिलो महिना । सजिलो हुने भएरै होला यहि महिना रातारात हुने गर्दछ सबै भन्दा धेरै विकास बजेट खर्च । केहि कागजमा मिलाएर हुन्छ भने केही गुणस्तरहिन काम गरेर हुन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

> *देशको संविधान परिवर्तन भयो, ऐन नियमहरु परिवर्तन भए यति मात्र कहाँ हो र ? देशको साशन व्यवस्था र संरचना नै परिवर्तन भयो । विकासका बाधक मानिएका सवै कुरा परिवर्तन भए तर परिवर्तन भएन विकास गर्ने कार्य शैली । परिवर्तन भएन असार महिनामै बजेट सक्ने कार्यशैली । परिवर्तन होस् पनि कसरी यहि महिना हो धमिलो पानीमा माछा मार्न सिपालु नेता, कर्मचारी र ठेकदार मिलेर करोडौ रकम दुरुपयोग गर्ने । हुन पनि जब पऱ्यो राती तब बुढी ताती भनेझैं जब असार महिनाको सुरुवात हुन थाल्दछ तब नेपालमा नेपाली जनताले विकासका गतिविधि देख्न थाल्दछन् । लाग्छ नेपालमा विकासको गति अत्यन्त तीव्र रुपमा भइरहेको छ । कतै बाटो पिच हुँदै छ त कतै भएको पिच उप्काएर ढल खनिदै छ, कतै पिचमाथि पिच थपिँदै छ । हिलाम्मे सडकमा कतै ग्राभेल गर्ने काम हुँदैछ । रातदिन नभनी चौबीसै घन्टा काम भइरहेको छ ।*

**के भैरहेको छ त ?**

विकास र जनताको जीवनस्तर सुधारका लागि केन्द्रीकृत साशन व्यवस्थालाई हटाई देशलाई संघीय राज्यमा रुपान्तरण गरियो । थप सहजताका लागि तीन तहका सरकारको परिकल्पनासँगै गाउँ घरमै सिहदरबारको अभ्यासलाई सार्थकता दिन थप दुई सरकार प्रदेश र स्थानीयतहका दुई सरकारको संरचना राखियो तर परिकल्पना र अभ्यासको दशकौ समय बेथिती हुँदा पनि असारे विकास प्रक्रियाको अन्त्य र यसमा सुधारका कुनै प्रयास भएको देखिदैन् । यसका साथै विकासको तिव्रताको लागि संविधानमै जेष्ठ - १५ मा बजेट घोषणाको प्रावधान राखियो तर आर्थिक बर्षलाई परिवर्तन गर्न नसक्दा बजेट घोषणाको मितिले असारे विकासलाई खासै परिवर्तन भएको देखिदैन् । विकासको नेतृत्व लिएका राजनीतिकर्मी र कर्मचारी प्रशासनले यस पक्षमा सुधार गर्न खोजेको पनि देखिदैन् । त्यसैले देशमा यत्रो परिवर्तन आयो तर आसारे विकासको अन्त्य भने हुन सकेन् ।

देशमा जनताको साशन आयो अब विकास आयोजनाहरु जनपक्षीय आउलान्, असार महिनामा मात्रै विकास नहोला, विकास आयोजनाहरु गुणस्तरीय होलान भनेका नेपाली जनताका आशहरु निराशामा परिणत गर्दै नेपालको विकास बजेटको करिब आधा अंश असार महिनामै सकिने विगतको तथ्यांकलाई गणतन्त्रमा पनि निरन्तरता नै देखियो । गणतन्त्रसम्म आईपुग्दा पनि यसमा सुधार नहुनु दुर्भाग्यपूर्ण अवस्था हो । सुधार गर्ने अधिकार प्राप्त राजनैतिक नेतृत्व बेखवर जस्तै देखिन्छन् । यहि कारण असारे विकासे प्रवृत्ति साच्चै विकासका लागि की केहि वर्गको आर्थिक सुधारको लागि ? जनताले बहसको विषय बनाएको देखिन्छ ।

**किन असारे विकासले निरन्तरता पाएको छ त ?**

अर्कोतर्फ सरकारले विकास आयोजनाको बजेट समयमै निकाशा नगरी विभिन्न कानुनी र कागजी बहाना देखाउँदा पनि असारे विकासले निरन्तरता पाएको देखिन्छ । सरकारले समयमै निकाशा नदिनुका केहि पक्षहरुमा कमिशनका लागि बहानाबाजी, झनझटीलो कागजी र नीतिगत प्रक्रिया , झन्झटिलो खरीद प्रक्रिया, राज्यको अनुगमन, नियन्त्रण र निर्देशन प्रणाली कर्मकाण्डी, माथिदेखि उपभोक्ता समिति सम्मको कमिशनको चकर, आयोजना सञ्चालन भएका स्थानीयवासी विकास योजनाप्रति बेखवर र चासोमा कमी, कमिसनमा रमाउने इञ्जिनियर र कार्यालय प्रमुख,राजनैतिक विवाद गाउँ घर सम्मै कायम अख्तियारको हस्तक्षेप र फन्दामा परिने त्रास, परम्परागत पक्षमै रमाउने कर्मचारीतन्त्र, राजनीतिक आरक्षण प्राप्त ठेकेदारहरु, कारवाही गर्न नसक्ने राज्यका निकायहरु तथा पट्यार लाग्दो कागजी प्रक्रियाका कारणले पनि असारे विकासले निरन्तरता पाएको देखिन्छ ।

**असारे विकास अन्त्यका लागि के गर्ने त ?**

बजेटको ठूलो अंश असार महिनामै खर्च हुने असार महिना बर्षातको महिना भएकोले नेपालको बजेट बालुवामा पानी हाले सरी भईरहेको देखिन्छ । यस पक्षमा सुधारका लागि निम्न पक्षहरुमा ध्यान दिन जरुरी देखिन्छ ।

- आर्थिक वर्षलाई परिवर्तन गरी वैशाखदेखि चैत्र सम्म बनाउने ।
- परम्परागत कार्य शैलीमा रमाउने कर्मचारीतन्त्रको कार्य शैलीमा सुधार गर्ने ।
- झन्झटीला कागजी प्रक्रियाको अन्त्य गर्ने ।
- बजेटमा ऋण र अनुदानको अंशमा कमि ल्याउने ।
- काम अनुशारको भुक्तानीको सुनिश्चिता गर्ने ।
- ऐन तथा नीतिमा आवश्यक सुधार गर्ने ।
- एउटै ठेकेदारलाई धेरै योजना नदिने।
- राजनीतिक आरक्षणको अन्त्य गर्ने ।
- अनुगमन र निरीक्षण प्रणालीलाई चुस्त र दुरुस्त बनाउने ।
- नागरिकमा सचेतना र चासोमा वृद्धि गर्ने ।
- आर्थिक लेनदेनको सम्पूर्ण पक्ष बैकिङ प्रणालीबाट गर्नै पर्ने प्रावधान राख्ने।
- उपभोक्ता मातहतमा गएका योजनाका लागि विशेष अनुगमन प्रणाली विकास गर्ने ।

**निष्कर्ष :** एक दुई बर्ष समस्या हुनु र बजेट खर्च हुन नसकी बचत हुनुले खासै महत्व नराख्ला तर निरन्तर यो समस्या देखिनुलाई अर्थव्यबस्था र देश विकासका लागि राम्रो भने मान्न सकिदैन् । राज्यको संरचना र साशकीय व्यवस्थामा यति ठूलो परिवर्तन गर्न सक्ने तर आर्थिक वर्ष र असारे विकासको अन्त्य गर्न नस्कनु वा नचाहनुले काले काले मिलेर खाम भाले भन्ने उखानसँग मेल खानका लागि त होइन ? आशंका उत्पन्न भएको देखिन्छ । साच्चै विकास र जनताको जीवनस्तर सुधार गर्नुनै छ भने तत्काल असारे विकासको अन्त्य गरि आर्थिक वर्षमा सुधार गर्नुपर्ने देखिन्छ । यसो गर्नका लागि नीति निर्माता तथा राजनीतिक दलले गम्भीर तरीकाले लिन जरुरी देखिन्छ । यसबाट एकातिर विकास देख्न असार महिना नै कुर्नु पर्ने नेपालीको नियतिको अन्त्य हुने देखिन्छ भने अर्को तिर निमार्ण कार्य नसकिदै भत्कने, जनताले उपभोग गर्न नपाउँदै भाँचिने, सम्पन्न नहुँदै पहिरोले लाने, बाढीले बगाईदिने विकास आयोजना हेर्ने र सुन्ने अवस्थाको अन्त्य अब हुनुपर्दछ । यसका लागि सुधार गर्नुपर्ने पक्षमा सम्बन्धित पक्षहरुको ध्यान जाओस् ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रको भ्रमण हुनसक्छ । रोकिएका काम पुन: सुरु हुन सक्छ । | **तुला** : मित्रको सहयोगले कार्य सम्पन्न हुनेछ । प्रेममा सफलता पाउनुहुनेछ । |
| **वृष** : यात्रामा ध्यान दिनुहोला । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन्। | **वृश्चिक** : कला र गलाको प्रभाव बढ्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : बोलीवचनमा प्रशंसा मिल्नेछ। धार्मिक कार्यमा संलग्न भइनेछ । | **धनु** : जिम्मेवारी वहन गर्ने समय आएको छ । परोपकारी कार्यमा संलग्न भइनेछ। |
| **कर्कट** : परदेशी घर फर्कने योग छ । परिवारमा रमाइलो वातावरण छाउनेछ। | **मकर** : समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन । |
| **सिंह** : नाताकुटुम्बको आगमन हुने छ। आफ्नो क्षमताको प्रदर्शन गर्ने अवसर जुट्ला। | **कुम्भ** : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ। |
| **कन्या** : मसिना काममा समय खर्चनु पर्नेछ । आम्दानीमा कमी आउनेछ । | **मीन** : शेयर बजारले साथ दिनेछ । सजिलै अरूको मन जित्न सकिनेछ । |

# शिक्षा

## विद्यार्थी दुई, शिक्षक पनि दुई : प्रअ भन्छन्

## 'दिन बिताउन साह्रै गाह्रो भयो '



बागलुङको जैमिनी नगरपालिका-८ छिस्ती, धुसस्थित ताराज्योति प्राथमिक विद्यालयमा पछिल्लो तीन वर्षमा विद्यार्थीको सङ्खया ह्वात्तै घटेको छ । हाल सो विद्यालयमा दुईजना छात्रमात्र अध्ययनरत छन् । उनीहरूमध्ये एकजनाले कक्षा १ र एकजनाले कक्षा ३ मा अध्ययन गर्छन् । कक्षा २ मा भने विद्यार्थी नै छैनन् ।

स्थानीयवासी सुविधाको खोजीमा अन्यत्र बसाइँ सरेपछि विद्यालयमा विद्यार्थी आउन छाडेका प्रधानाध्यापक गोविन्द अधिकारीले जानकारी दिए । विसं २०८० मा तीनजना हुँदै नयाँ शैक्षिकसत्रमा दुईजनामा सीमित भएको छ । उनका अनुसार विसं २०४६ मा स्थापना भएर २०४७ सालमा अनुमति पाएको विद्यालयमा २०७८ सालसम्म ११ जना विद्यार्थी थिए । विसं २०७९ मा त्यो संखया १० जनामा झर्यो ।

विद्यालयमा एकजना स्थायी दरबन्दीको शिक्षक, एक अस्थायी र एकजना कार्यालय सहयोगी कार्यरत छन् । बर्सेनि विद्यार्थीको सङ्ख्या घट्दै गएपछि विद्यालयको अस्तित्व नै धरापमा परेको छ । पैतीस वर्ष अगाडि स्थापित विद्यालयमा दशक अगाडि विद्यार्थीको चाप हुँदा भुइँमै बसेर पढ्नुपर्ने बाध्यता थियो । तर अहिले भौतिक रूपमा सम्पन्न हुँदा विद्यार्थीको सङ्खया निकै कम भएका छन् । धुसगाउँ भौगोलिक हिसाबले अलि विकटमा हुँदा धेरैले आफ्ना बालबालिका सुविधायुक्त विद्यालयमा पठाउँदा विद्यार्थी कम भएको प्रअ अधिकारी बताउँछन् । गाउँभन्दा नजिकै गुल्मीको पुर्तिघाटमा निजी विद्यालय रहेको हुँदा गाडीले घर नजिकै लिन आउँदा धेरै विद्यार्थी त्यता जान थालेको उनी बताउछन् । उनले भने, 'विद्यार्थी कम हुँदा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न नसकेको, आफूहरूमा नैराश्य छाएको छ । पछिल्लो समय गाउँमा बालबालिका पनि कम छन् । भएका पनि सहरबजार जाने प्रचलन बढेको छ । हामी त जागिर खानका लागि यहाँ आइयो विद्यार्थी धेरै नहुँदा सिक्न र सिकाउन पाइएको छैन, दिन बिताउन साह्रै गाह्रो हुन्छ, पहिलेको जस्तो भुइँमा बसेर पढ्नुपर्ने अवस्था छैन, धेरै सुविधा थपिएको छ ।' खासगरी यस गाउँका स्थानीय बसाइँसराइ गरी चितवन, रुपन्देही गएका छन् । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले विद्यालयको भौतिक संरचनादेखि अन्य व्यवस्थापन गरेको तर धेरै विद्यालयमा विद्यार्थी सङ्खया कम हुँदै गएको बताए । नगरपालिकाले कम विद्यार्थी भएको विद्यालयलाई समायोजन गर्ने नीति रहेको उनले जानकारी दिए। उनले भने ,'नगरपालिकाले नगर शिक्षा ऐन बनाएको, त्यसअन्तर्गत रहेर दरबन्दी मिलान अगाडि बढाएको, विद्यालय समायोजनसम्बन्धी कार्यविधि बनाएर काम अगाडि बढेको छ । विद्यालय समायोजन पछि नगरपालिकाले सञ्चालन गरेको 'लिड' विद्यालयमा टाढाका विद्यार्थीलाई आवासीय सुविधा प्राप्त हुनेछ ।' जैमिनी नगरपालिकाका शिक्षा शाखा प्रमुख खेमप्रसाद आचार्यले ताराज्योति प्राथमिक विद्यालयलाई छिट्टै समायोजन गर्ने जानकारी दिए। अहिले नगरपालिकाले कुन विद्यालय समायोजन गर्ने, कुन तह मिलान गर्ने भन्ने विषयमा अध्ययन गरिसकेको उनले बताए । *-रासस*

## नेपालमा खुला शिक्षालाई बढावा दिनुपर्ने विज्ञहरुको जोड



जय नेपाल अन्तरराष्ट्रिय फाउन्डेसन अष्ट्रेलिया च्याप्टरले शनिबार आयोजना गरेको वेबिनारलाई सम्बोधन गर्दै नेपाल तथा प्रवासमा रहेका विज्ञहरुले नेपालमा सर्व सुलभ तथा गुणस्तरीय उच्च शिक्षाको विस्तारका लागि खुला शिक्षालाई बढावा दिनु पर्ने जनाएका छन् ।

नेपाल खुला विश्वविद्यालय (ओपन युनिभर्सिटी) की उप कुलपति प्रा शिलु मानन्धरले उच्च शिक्षामा पहुँच नपुगेका जनसमूदायलाई शिक्षामा पहुँच पुऱ्याउनका लागि खुला शिक्षाको अवधारणा आएको बताइन् । पहिला पनि यो पद्धति रहे पनि कोभिड १९ को लकडाउन पछि यसको महत्व बढेको उनले बताइन् । तर अहिले पनि खुला विश्वविद्यालयबाट उत्तिर्ण भएका विद्यार्थीहरुले मान्यता पाउन ढिला हुँदा केही अप्ठेरो परेको उनले बताइन् । विगतमा केही विषयहरुमा अध्ययन गर्दा उनीहरुले रोजगारीका लागि निवेदन दिन पाएका थिएनन् । यसैगरी खुला विश्वविद्यालय बाट पासआउट भएका विद्यार्थीहरुले थप उच्च शिक्षाका लागि अघि बढ्न खोज्दा अन्य संस्थाहरुले रोक लगाउँदा केही अप्ठेरो परेको पनि मानन्धरले बताइन् । उनले खुला विश्वविद्यालय जय नेपाल फाउन्डेशन लगायत प्रवासमा रहेका नेपाली प्राज्ञहरुसंग सहकार्य गर्न इच्छुक रहेको पनि बताइन् । अष्ट्रेलियाको सदर्न क्विन्सल्याण्ड विश्वविद्यालय अन्तर्गत स्कुल अफ सर्भेइंग एण्ड बिल्ट अनभायरनमन्टका प्राध्यापक डा देवराज पौड्यालले अष्ट्रेलियाका विभिन्न विश्वविद्यालयहरु मिलेर झन्डै १,१०० भन्दा बढी डिग्री कार्यक्रमहरु खुला तथा दूर शिक्षा मार्फत संचालन भै रहेको उनले बताए ।आफ्नो विश्वविद्यालयमा अहिले झन्डै ४५० जना नेपाली विद्यार्थीहरु पढी रहेको पनि उनले जानकारी दिए । न्यु कोलम्बो प्लान अन्तर्गत आफ्नो विश्वविद्यालयका विद्यार्थीहरुलाई स्थलगत अध्ययनका लागि नेपाल लगेर जाने गरेको उनले बताए । प्राध्यापकहरुले कक्षामा पढेको भन्दा बढी विद्यार्थीहरुले 'कृत्रिम बुद्धिमत्ता' (एआइ) बाट सिकी रहेको उनले जनाए । नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले सरकारले शिक्षाको क्षेत्रमा अझैं धेरै काम गर्नु पर्नेमा जोड दिएका छन् । नेता कोइरालाले हरेक दिन नेपालको उच्च शिक्षाको गुणस्तरमा ह्रास आइरहेको पनि टिप्पणी गरे । नेपालको सन्दर्भमा खुला शिक्षा अत्यन्त उपयोगी रहेको बताउँदै नेपालको उच्च शिक्षालाई कसरी सुधार्ने भन्ने बारे विज्ञहरुको सुझा लिएर सरकारले तत्काल पहल थाल्नु पर्नेमा जोड पनि दिए । अष्ट्रेलियास्थित नेपाली दूतावासका उप नियोग प्रमुख कुलबहादुर मगरले नेपालबाट उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीहरुको माध्यमबाट अर्बौं रकम गइरहेकाले नेपालका विश्व विद्यालयहरुको भविष्यका लागि पनि सरकारले सोँच्नु पर्नेमा जोड दिए । अहिले पनि स्वदेश र विदेशको शिक्षाकोबीचमा खाडल रहेको बताउँदै हुने खाने र हुँदा खाने वर्ग भनेर शिक्षामा भिन्नता देखिनु देशकै लागि दुःखद् भएको बताए । सरस्वती क्याम्पस, काठमाडौंका सह प्राध्यापक डा बिष्णु पोखरेल, अमेरिकामा बसोबास गर्ने शहरी योजनाविद प्रा डा अम्बिका प्रसाद अधिकारी, डा प्रमोद ढकाल, डा हिमलाल घिमिरे, डा द्रोण रसाली लगायतले आफ्ना धारणा राखेका थिए । वेबिनारमा भौगोलिक रुपले विकट नेपालको पहाडी इलाका तथा तराईको पिछडिएका क्षेत्रमा दूर शिक्षाको पहुँच कसरी विस्तार गर्ने, अष्ट्रेलिया लगायत संसारभरिका विश्व विद्यालयहरुसंग विद्यार्थी तथा फ्याकल्टी आदान प्रदान लगायत कसरी सहकार्य प्रवर्द्धन गर्ने र दूर शिक्षालाई कसरी कम लागतमा दीगो बनाउने लगायतका विषयमा छलफल गरिएको थियो । जय नेपाल इन्टरनेशनल फाउन्डेसन अष्ट्रेलिया च्याप्टरका सचिव अभिमन्यु केसीले संचालन र डा. राजु अधिकारीले सहजीकरण गरेको कार्यक्रममा अष्ट्रेलिया च्याप्टनरका अध्यक्ष डा.डिल्ली बन्जाडेले स्वागत गरेका थिए भने जय नेपाल इन्टरनेशल फाउन्डेसनका अध्यक्ष डा. यादव पण्डितले सबैलाई धन्यवाद दिए । *-डिसी नेपाल डटकम*

## अस्ट्रेलियाले बढायो विदेशी विद्यार्थीको भिसा शुल्क



अस्ट्रेलियाले विदेशी विद्यार्थीका लागि भिसा शुल्क बढाएर दोब्बर भन्दामाथि पुऱ्याएको छ । विदेशीहरूको सङ्खया कीर्तिमानी स्तरमा उक्लिएर घर जग्गा बजारमा मूल्य वृद्धि अनियन्त्रित भएकै समयमा सरकारमाथि दबाब बढिरहँदा यो कदम चालिएको हो ।

जुलाई १ देखि अस्ट्रेलिया पढ्न जाने विदेशी विद्यार्थीले भिसा शुल्क बापत १ हजार ६०० अस्ट्रेलियन डलर (१ हजार ६८ अमेरिकी डलर) तिर्नुपर्नेछ । यसअघि यो शुल्क ७१० अस्ट्रेलियन डलर थियो । आगन्तुक भिसा र अस्थायी ग्रयाजुएट भिसामा गएका विद्यार्थीलाई अस्ट्रेलियाबाटै विद्यार्थी भिसाका लागि आवेदन दिन पनि रोक लगाइएको छ । यसले विदेशी शिक्षा प्रणालीको अखण्डता ब्यूँताउन र निष्पक्ष, सानो र धान्नसक्ने आप्रवासन प्रणाली बनाउन मद्दत गर्ने अस्ट्रेलियाका गृह मामिला मन्त्री क्लेयर ओ निलले एक विज्ञप्तिमा भनेकी छिन् ।

सन् २०२३ को सेप्टेम्बर २० मा सकिएको एक वर्षमा अस्ट्रेलियामा खुद आप्रवासन ६० प्रतिशतले बढेर ५ लाख ४८ हजार ८०० को कीर्तिमानी स्तरमा उक्लिएको सरकारी तथ्याङ्कले देखाएको थियो । भिसा शुल्क बढाइनुको अर्थ अमेरिका र क्यानडाजस्ता देशको तुलनामा अस्ट्रेलियामा पढाई विदेशी विद्यार्थीका लागि निकै महँगो पर्नेछ ।

अमेरिका जान चाहने विद्यार्थीले अहिले विद्यार्थी भिसा शुल्कबापत १८५ डलर तिर्नुपर्छ भने क्यानडामा ११० डलर जति लाग्छ । विदेशी विद्यार्थीलाई अस्ट्रेलियामा बसाई अवधि निरन्तर थपिरहन सघाउने भिसा नियममा रहेका छिद्रहरू पनि सबै टालिने सरकारले बताएको छ ।

*-रातोपाटी डटकम*

## अतिरिक्त क्रियाकलापले उद्यमशील बन्न सहज




शिक्षामा अतिरिक्त क्रियाकलापले उद्यमशील बन्न र रोजगारी गर्नका लागि सहज हुने एक कार्यक्रमका वक्ताले धारणा राखेका छन् । आजको युगमा सैद्धान्तिक भन्दा पनि व्यवहारिक शिक्षाको माग बढ्दै गएको उनीहरुको भनाइ थियो ।

काठमाडौँको पुतलीसडकमा रहेको कान्तिपुर सिटी कलेज व्यवस्थापन संकायका विद्यार्थीहरुले प्रकाशन गरेको 'म्यानेजमेन्ट स्कुलर म्यागेजिन, भोल्युम ९'को सार्वजनिक कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले व्यवहारिक शिक्षामा पोख्त विद्यार्थीहरुलाई निजी क्षेत्रका उद्योगहरुमा प्रशस्त अवसर रहेको बताए । 'सैद्धान्तिक शिक्षामार्फत सफलता हासिल गरेकाहरु व्यवहारिक शिक्षामा फेल भएका प्रशस्त उदाहरणहरु छन् । आ्नो दक्षता र खुबी बिक्री गर्न व्यवहारिक शिक्षा अपरिहार्य छ । भविष्य सुन्दर छ र निजी क्षेत्रमा अवसरहरु छन्',अध्यक्ष अग्रवालले भने ।

उनले नेपालको अर्थतन्त्र धेरै अगाडि गइसकेको उल्लेख गर्दै अस्थिर सरकारका कारण निजी क्षेत्र उत्साहित हुन नसकेको बताए । 'कोभिडको मारमा परेको अर्थतन्त्रमा विस्तारै गति लिँदै आइरहेको छ तर अस्थिर सरकारका कारण व्यवसायी त्यति खुशी हुन सकेका छैनन् ।' आर्थिक गतिविधिलाई तिब्रता दिनका लागि निजी क्षेत्रको भूमिका उल्लेख्य रहे पनि परिवर्तन भइरहने सरकारका कारण समस्या आउने गरेको छ', उनले भने । अध्यक्ष अग्रवालले व्यवहारिक शिक्षामा जोड दिँदै आत्मविश्वासका साथ नेपालमै संभावना खोज्नुपर्नेमा जोड दिए । म्यानेजमेन्ट एसोसिएसन अफ नेपालका महासचिव इन्द्रकुमार श्रेष्ठले व्यवहारिक शिक्षाले मात्र विज्ञता हासिल गर्ने उल्लेख गर्दै आफूलाई रुपान्तरित भएर अघि बढ्न सुझाव दिए । प्राध्यापक रामकृष्ण रेग्मीले कान्तिपुर सिटी कलेजका विद्यार्थीहरुले आधुनिक नेपालको परिचय दिन र राष्ट्रमा नयाँ सन्देश प्रवाह हुनेगरी म्यागेजिन तयार गरेकोमा बधाई दिए । कलेजका प्रबन्ध निर्देशक डा प्रल्हाद कार्कीले शिक्षालाई कक्षा कोठामा मात्र सीमित राख्न नहुने उल्लेख गर्दै अबको नेपालमा प्रयोगात्मक शिक्षाको महत्व बढेको बताए । व्यवहारिक शिक्षाले अवसरहरुको ढोका खोल्ने उनको भनाइ थियो ।

कलेजका प्रिन्सिपल राजु कट्टेलले शिक्षाको पाठ्यक्रम भन्दा बाहिर रहेर प्रशस्त परिवर्तन गर्न सकिने भएकाले अतिरिक्त क्रियाकलापमा कान्तिपुर सिटि कलेज सफल भएको दाबी गरे । 'स्कुलर म्यागेजिन एउटा रोडम्याप बनाएर हिँडेकाले सफल भएको छ । सिंगो कलेज अतिरिक्त क्रियाकलापमा सफल हुँदै गएको छ । विश्वका ९१ देशमा इन्टर्नशिपका लागि विभिन्न निकायसँग सम्झौता गरिसकेका छौँ र उत्पादित विद्यार्थीहरु कोही पनि बेरोजगार बस्नुपरेको छैन', उनले भने ।

### म्यागेजिनको निरन्तरता

सन् २०११ देखि प्रकाशित हुँदै आएको 'म्यानेजम्यान्ट स्कुलर म्यागेजिन' आगामी वर्ष पनि प्रकाशन गरिने भएको छ । हाल नवौं अंकका रुपमा प्रकाशित म्यागेजिनलाई शनिबार उपस्थित अतिथिहरुले सार्वजनिक गरेका हुन् । निरुपम श्रेष्ठ र समीप केसीले संयोजन गरेको म्यागेजिन आगामी अंक प्रकाशनका लागि नयाँ टीमलाई हस्तान्तरण गरेका थिए । सार्वजनिक कार्यक्रममा म्यागेजिनका संस्थापक शिवराम शर्मा, प्रोगाम कोअर्डिनेटर पूजा पोखरेल, भाइस प्रिन्सिपल भानुभक्त निरौला लगायतले म्यागेजिन निरन्तरताका लागि शुभकामना दिए । म्यागेजिनमा खोजमुलक कथाहरु समेटिएका छन् ।

*-हाम्राकुरा डटकम*

# आजदेखि सरकारी खाता रोक्का




**काठमाडौं,** असार २३/यही असार २४ गते मध्यरात (आज) देखि सबै सरकारी खाता एक हप्ताका लागि बन्द हुने भएको छन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को व्यवस्थाअनुसार महालेखा नियन्त्रक कार्यालय (मलेनिका), प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) र सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) ले सञ्चालन गर्ने खाता बन्द गरिने मलेनिकाका प्रवक्ता ओमप्रसाद रिजालले जानकारी दिए । 'सोमबार रातिदेखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र), एकल खाता कोष प्रणाली (टीएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) एक हप्ताका लागि बन्द हुनेछन्', रिजालले भने, 'कानुनमै उल्लेख भएको विषय भएकाले मलेनिकाले यसवर्ष प्रलेनिका र कोलेनिकालाई खाता बन्द गर्न परिपत्र गरेको छैन । तर सोमबार रातीदेखि बजेट भुक्तानी हुँदैन ।' संघ, प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका लागि प्रयोग हुँदै आएका सबै खाता एक हप्ताका लागि बन्द भएकाले भोलिसम्ममा चालु आर्थिक वर्ष २०८०/८१ को बजेट भुक्तानी दायित्व फरफारक गरिसक्नुपर्ने पनि उनले बताए । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३० मा आर्थिक वर्ष समाप्त हुन एक साताअघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । विनियोजन ऐनले 'फ्रिज' नहुने भनी तोकेको शीर्षकको बाहेक अन्य रकम भुक्तानी गर्न पाइँदैन । यद्यपि, अत्यावश्यक प्रयोजनमा भएको खर्चका लागि भने मलेनिकाको सहमतिमा भुक्तानी गर्न सकिने व्यवस्था नियमावलीमा छ । *-रासस*

## खेलकुद समाचार

### ब्राजिललाई हराउँदै उरुग्वे सेमिफाइनलमा



**काठमाडौं,** २३ असार/ब्राजिललाई पेनाल्टी सुटआउटमा पराजित गर्दै उरुग्वे कोपा अमेरिका २०२४ को सेमिफाइनलमा प्रवेश गरेको छ ।

लसभेगासमा आइतबार बिहान भएको क्वाटरफाइनलमा उरुग्वेले ब्राजिललाई पेनाल्टी सुटआउटमा ४-२ ले पराजित गरेको हो । निर्धारित समयमको खेल गोलरहित बराबरीमा सकिएपछि खेलको नतिजाको निर्णय पेनाल्टी सुटआउटबाट भएको हो । उरुग्वेका लागि फेडरिक भलभर्डे, रोड्रिगो बेन्टाकुर, जर्जियन डे अराकास्टा र मानुएल उगार्टेले पेनाल्टीमा गोल गरे । जोस मारिया जिमिनेसको प्रहार ब्राजिलका गोलकिपर एलिसनले बचाए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकले बढ्यो



**पाल्पा,** असार २३/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि भएको छ । यो साता कारोबारको पहिलो दिन आइतबार २१ दशमलव २७ प्रतिशतले नेप्से बढेको हो ।

नेप्से बढेसँगै दुई हजार एक सय ४० दशमलव ९७ विन्दुमा कायम भएको छ । सोही अवधिमा तीन सय २५ कम्पनीको एक करोड ४० लाख १४ हजार छ सय २२ कित्ता शेयर ८० हजार आठ सय ३८ पटक खरिदबिक्री हुँदा छ अर्ब २९ लाख ३१ हजार आठ सय ५४ बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव २४, वित्त समूह दुई दशमलव ०७ र व्यापार समूह दुई दशमलव २३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव ७८, होटल तथा पर्यटन दुई दशमलव ९६, जलविद्युत् शून्य दशमलव ०१, लगानी एक दशमलव ८५ र जीवन बीमा एक दशमलव ५२ प्रतिशतले बढेको छ । उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त एक दशमलव ४६, म्युचुअल फण्ड शून्य दशमलव ३२, निर्जीवन बीमा एक दशमलव ३२ र अन्य समूहको उपसूचक दुई दशमलव २५ प्रतिशतले बढेको छ । सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव २५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २१ करोड ७१ लाख ४८ हजार आठ सय एक बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको चार लाख ७५ हजार सात सय ३० कित्ता शेयर किनबेच भएको छ ।


**प्रविणता प्रमाणपत्र तह नर्सिङ्गमा २०८१/०८२ को नयाँ भर्ना सम्बन्धी सूचना**

**सिट संख्या: ४० जना**

| क्र. सं. | कोटाको किसिम | विद्यार्थी संख्या |  |
|---|---|---|---|
|  |  | महिला | पुरुष |
| १ | खुल्ला प्रतिस्पर्धा | ९ | ४ |
| २ | लक्षित वर्ग : भर्ना निर्देशिका २०८१ को परिच्छेद ३, १३ को ई बमोजिम | ४ |  |
| ३ | टि.एल.एस.सी. कोटा | ३ |  |
| ४ | टि.एल.एस.सी. कोटा तानसेन मिसन अस्पतालको कर्मचारी | १ |  |
| ५ | तानसेन नगर पालिकाबाट | ९ |  |
| ६ | साझेदार संस्थाहरु मध्येबाट |  |  |
|  | प्रा.शि.तथा व्या. ता. परिषदको कर्मचारी तथा परिवारबाट | १ |  |
|  | तानसेन मिसन अस्पतालको कर्मचारी तथा परिवारबाट |  | १ |
|  | तानसेन स्कूल अफ हेल्थ साईन्स को कर्मचारी तथा परिवारबाट | १ | १ |
|  | यू.एम.एन. कर्मचारी तथा परिवारबाट | १ |  |
|  | पाल्पा उद्योग वाणिज्य संघ | २ |  |
| ७ | वर्गीकृत छात्रवृत्ति (प्रा.शि.तथा व्या. ता. परिषदबाट छनौट भई आउने) | ३ |  |

**सम्पर्क**

**तानसेन स्कूल अफ हेल्थ साईन्स**

**तानसेन पाल्पा**

विस्तृत जानकारीका लागि परिषदको वेबसाईट www.ctevt.org.np, https://ctevtexam.org.np तथा यस संस्थाको वेबसाईट https://www.tshs.edu.np/ तथा सम्पर्क नं ०७५ ५२०१६६

**प्रविणता प्रमाणपत्र तह ल्यावमा २०८१/०८२ को नयाँ भर्ना सम्बन्धी सूचना**

**सिट संख्या: ३० जना**

| क्र. सं. | कोटाको किसिम | विद्यार्थी संख्या |
|---|---|---|
| १ | खुल्ला प्रतिस्पर्धा | १ |
| २ | लक्षित वर्ग : भर्ना निर्देशिका २०८१ को परिच्छेद ३, १३ को ई बमोजिम | ३ |
| ३ | टि.एल.एस.सी. कोटा | १० |
| ४ | तानसेन नगर पालिकाबाट | ८ |
| ५ | साझेदार संस्थाहरु मध्येबाट |  |
|  | प्रा.शि.तथा व्या. ता. परिषदको कर्मचारी तथा परिवारबाट | १ |
|  | तानसेन मिसन अस्पतालको कर्मचारी तथा परिवारबाट | २ |
|  | तानसेन स्कूल अफ हेल्थ साईन्स को कर्मचारी तथा परिवारबाट | १ |
|  | यू.एम.एन. कर्मचारी तथा परिवारबाट | १ |
|  | पाल्पा उद्योग वाणिज्य संघ | १ |
| ६ | वर्गीकृत छात्रवृत्ति (प्रा.शि.तथा व्या. ता. परिषदबाट छनौट भई आउने) | २ |

**सम्पर्क**

**तानसेन स्कूल अफ हेल्थ साईन्स**

**तानसेन पाल्पा**

विस्तृत जानकारीका लागि परिषदको वेबसाईट www.ctevt.org.np, https://ctevtexam.org.np तथा यस संस्थाको वेबसाईट https://www.tshs.edu.np/ तथा सम्पर्क नं ०७५ ५२०१६६


**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ताकायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना**

उप्रान्त रुपन्देही जिल्ला बुटवल-६ निवासी द्वारिका प्रसाद प्रधान, बद्री प्रसाद थैव र महेश कुमार थैवले आफ्नो आमा श्री कुमारी श्रेष्ठको (ना.प्र.मा.श्री कुमारी थैव) मिति २०७०/१२/१८ मा मृत्यु भएको, निजको पति जङ्ग बहादुर थैवको समेत मिति २०६४।०९।२४ मा मृत्यु भएको तथा निज दम्पतीका अविवाहित छोरीहरु नभएकोले मृतकको शेषपछिको नजिकको हकदार आफुहरु भएको । मृतकका नाउँमा ताँहु गा.वि.स ९ मा कि.नं. १३५ र १३८ को जग्गाहरु भएको, आफुहरुले नै हकभोग गरिरहेको र श्रेस्ता कायम नभएको हुँदा उक्त कि.नं. का जग्गाहरु आमाका नाममा श्रेस्ता कायम गरी हामी निवेदकहरु निजको मृत्युपछिको नजिकको हकदार भएको हुँदा उक्त कि.नं. का जग्गाहरु हामी निवेदकहरुका नाममा नामसारी गरिपाउँ, साथै जग्गा धनी प्रमाण पूर्जा हराएको हुँदा उपलब्ध गराइ पाउँ भनी रम्भा गा.पा. ५ को च.नं. ८७६ मिति २०८१/०२/३१ र बुटवल उ.प.म.न.पा. को च.नं. १४४१ मिति २०८१।०३।०४ को सिफारिस, मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, नागरिकता प्रतिलिपि, तिरो रसिद, प्लट रजिष्टर उतार संलग्न राखी यस कार्यालयमा द.नं. ९५०५ मिति २०८१/०३/२० मा निवेदन दिनुभएको ।

यसमा माथि उल्लेखित कि.नं. १३५ र १३८ का जग्गाहरु श्री कुमारी श्रेष्ठ (ना.प्र.मा श्री कुमारी थैव) ले अन्यन्त्र बेचविखन वा अन्य तरिकाले हक हस्तान्तरण गरेका छन् या छैनन् ? निजको मृत्यु भएको हो या होइन ? निज मृतकको शेषपछिको हकदार को को हुन् ? निवेदकहरु बाहेक अन्य हकदार छन् या छैनन् ? निज ज.ध.का अविवाहित छोरीहरु छन् वा छैनन् ? ज.ध.प्रमाण पूर्जा हराएको हो या होइन ? हाल उक्त कि.नं. का जग्गा कसले भोगचलन गरिरहेको छ ? यी निवेदकहरुले हकभोग गरेका छन् छैनन् ? दर्ता उतारमा ज.ध. को नाम श्री कुमारी श्रेष्ठ तथा ना. प्र. र मृत्यु दर्तामा श्री कुमारी थैव भएकोमा दुवै व्यक्ति एउटै हुन् वा होइनन् ? उक्त कि.नं. का जग्गाहरु हालसम्म किन श्रेस्ता कायम नभएको हो ? माथि उल्लेखित कि.नं. का जग्गाहरु मृतकका नाममा श्रेस्ताकायम गरी निवेदकहरु द्वारिका प्रसाद प्रधान, बद्री प्रसाद थैव र महेश कुमार थैवको नाउँमा संयुक्त नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ की पर्दैन ? निवेदकहरुको मागदाबी बमोजिम श्रेस्ताकायम नामसारी गरिदिन मिल्छ कि मिल्दैन? मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकहरुका नाममा एकलौटी नामसारी गरिदिंदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुनबमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्वत २०८१ साल आषाढ २१ गते रोज ६ शुभम् ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई